# शहिद लखन गाउँपालिका

# प्रथम शहिद लखन थापा मगर स्मृति पुरस्कार अक्षय कोष स्थापना कार्यविधि,

# २०७५

शहिद लखन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ्ग, गोरखा

प्रमुख प्रशासकीय अधिकृत

शहिद लखन गाउँपालिका

प्रथम शहिद लखन थापा मगर स्मृति पुरस्कार अक्षय कोष स्थापना कार्यविधि -२०७५

प्रस्तावनाः नेपालका प्रथम शहिद लखन थापा मगरको योगदानलाई नेपाली जनमानसमा जीवन्त राख्दै समाजको विकास र सकारात्मक परिवर्तको लागि योगदान पुऱ्याई समाजमा मार्गदर्शक बनि सकारात्मक कार्यका लागु प्रेरणा दिने संघ संस्था, व्यक्तित्वलाई सम्मान गरी अन्य व्यक्ति तथा संघ संस्थाहरुलाई सकारात्मक कार्याका लागि हौसला प्रदान गर्न नेपालको प्रथम शहिद लखन थापा मगरको नामबाट नामकरण भएको यस शहिद लखन गाउँपालिकाले प्रथम शहिद लखन थापा मगर स्मृति पुरस्कार अक्षय कोष स्थापना गरी शहिद लखन गाउँपालिका भित्र जन्म स्थान भई गाउँपालिका भित्र वा बाहिर रहेर राजनीति, प्रशासन, समाजिक क्षेत्र, इतिहास, खेल जगत्, शिक्षा लगायतका क्षेत्रमा उल्लेखनीय कार्य गरी गाउँपालिकाको गरिमालाई उच्च राख्न योगदान पुऱ्याउने संघ संस्था वा महत्वपूर्ण ब्यक्तित्वहरुलाई पुरस्कृत गर्ने उद्देश्य अनुरुप शहिद लखन गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम तथा प्रारम्भ :- (१) यस कार्यविधिको नाम "प्रथम शहिद लखन थापा मगर स्मृति पुरस्का अक्षय कोष कार्यविधि २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. परिभाषा :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क) "अक्षय कोष" भन्नाले यस कार्यविधि अनुसार पुरस्कार वितरणको लागि कुनै बैकमा गाउँपालिकाको तर्फबाट राखिएको मौज्दात रकमलाई सम्झनु पदर्छ। कुनै व्यक्ति वा दाताले कोषको निमित्त निसर्त प्रदान गरेको रकम लाई समेत कोष सम्झनु पर्छ।

ख) "पुरस्कार" भन्नाले यस कार्यविधि बमोजिम प्रदान गरिने प्रथम शहिद लखन थापा मगर स्मृति पुरस्कार भन्ने सम्झनु पर्दछ।

ग) "समिति" भन्नाले यस कार्यविधि बमोजिम पुरस्कार प्रदान गर्ने सम्बन्धमा गठित छनौट तथा सिफारिस समिति भन्ने बुझ्नु पर्दछ।

घ) "गाउँ कार्यपालिका" भन्नाले शहिद लखन गाउँपालिकाको गाउँ कार्यपालिका भन्ने सम्झनु पर्दछ।

३. अक्षय कोषको कार्यक्षेत्र :- राजनीति, प्रशासन, शिक्षा, समाजिक क्षेत्र, इतिहास, खेलकुद जगत् लगायतको क्षेत्रमा गाउँपालिका भित्र जन्म भई गाउँपालिका भित्र वा अन्य क्षेत्रलाई कार्यक्षेत्र बनाई उल्लेखनीय कार्य गरेका संघ संस्था तथा व्यक्तित्वहरु ।

४. अक्षय कोषको रकम :- अक्षष कोषको रकम न्यूनतम वीस लाख रुपैयाँ हुनेछ ।

५. पुरस्कारको राशी :- अक्षय कोषमा रहेको रकमबाट बार्षिक रुपमा आर्जित ब्याजबाट पुरस्कार बितरण हुनेछ ।

शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
२०७३

०७८/११/१२
प्रमुख प्रशासकीय अधिकृत

## ६. छनौट तथा सिफारिस समिति

१) पुरस्कृत हुने व्यक्ति तथा संघ संस्थाको छनौट गरी गाउँ कार्यपालिकालाई सिफारिस गर्न देहाय बमोजिमको एक छनौट तथा सिफारिस समिति रहनेछः

क) अध्यक्ष- गाउँपालिकाका उपाध्यक्ष

ख) सदस्य- सामाजिक विकास समितिका संयोजक

ग) सदस्य- गाउँ कार्यपालिकाले तोकेको गाउँ कार्यपालिकाको एक जना महिला सदस्य

घ) सदस्य- प्रथम शहिद लखन थापा मगरको नाममा स्थापित संघ संस्थाको अध्यक्ष मध्येबाट गाउँपालिकाको अध्यक्षले तोकेको एक जना

ङ) सदस्य सचिव - प्रमुख प्रशासकीय अधिकृत

२) सिफारिस समितिले गरेको सिफारिसको आधारमा गाउँ कार्यपालिकाको बैठकले पुरस्कृत गर्ने निर्णय गर्नेछ ।

३) छनौट तथा सिफारिस समितिको काम कर्तव्य र अधिकारः

क) छनौट तथा सिफारिसका लागि मापदण्ड तयार गर्ने,

ख) पुरस्कृत गर्न व्यक्ति तथा संघ संस्थाको छनौट गर्न आवश्यकता अनुसार सूचना प्रकाशन गर्ने,

ग) पुरस्कारको लागि व्यक्ति तथा संघ संस्थाको छनौट गरी गाउँ कार्यपालिकालाई सिफारिस गर्ने,

## ७. समितिको पदावधि तथा बैठक प्रकृया

क) समितिको सबै पदाधिकारीहरुको अवधि पदमा बहाल रहेको अवधिसम्म हुनेछ । मनोनित सदस्यहरुको हकमा मनोनयन गर्ने व्यक्ति वा समितिको निर्णय बमोजिम हुनेछ।

ख) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

ग) समितिको अध्यक्षता अध्यक्षले गर्नेछ अध्यक्षको अनुपस्थितिमा ज्येष्ठ सदस्यले गर्नेछ ।

घ) समितिले कुनै जानकारी, सल्लाह, सुझाव र परामर्स प्राप्त गर्न आवश्यकता बमोजिम समितिको बैठकमा कुनै व्यक्ति, निकाय वा संघ संस्थाको प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा बैठकमा बोलाउन सक्नेछ।

ङ) बैठकको गणपुरक संख्या ५१ प्रतिशत मानिनेछ ।

च) बैठकको निर्णय सर्वसम्मतबाट र नभए बहुमतबाट हुनेछ ।

गाउँ कार्यपालिकाको कार्यालय
गोरखा
२०७३

प्रमुख प्रशासकीय अधिकृत

८. छनौटका लागि सूचना प्रकाशन गर्न सक्ने :-

क) कार्यविधिले तोकेका क्षेत्रमा योगदान पुऱ्यएको संघ संस्था तथा व्यक्तिलाई पुरस्कार प्रदान गर्न छनौट गरी गाउँ कार्यपालिकालाई सिफारिस गर्न समितिले आवश्यकता अनुसार राष्ट्रिय वा स्थानीय पत्र पत्रिकामा सूचना प्रकाशन गरी सम्बन्धित संघ संस्था वा व्यक्तिले पुऱ्याएको योगदानको बारेमा तथ्य, प्रमाण वा जानकारी सहितको विवरण उपलब्ध गराउन आह्वान गर्न सक्नेछ।

ख) कुनै व्यक्ति वा संस्थाले पुऱ्याएको योगदानको बारेमा समितलाई पूर्व जानाकारी प्राप्त भई उक्त व्यक्ति वा संस्थालाई पुरस्कृत गर्न उपयुक्त हुने विषयमा छनौट तथा सिफरिस समितिका सबै पदाधिकारीहरु सहमत देखिएमा सूचना प्रकाशन नगरी पुरस्कार प्रदान गर्ने व्यक्ति वा संघ संस्थाको छनौट गरी गाउँ कार्यपालिकामा सिफारिस गर्न सक्ने छ।

९. पुरस्कार बितरण :- यस कार्यविधिले तोके बमोजिमको पुरस्कार प्रत्येक वर्ष प्रथम सहिद लखन थापा मगरको स्मृति दिवसको अवसरमा (फाल्गुन २ गते) बितरण गरिने छ।

१०. बाधा अड्काउ फुकाउ :- यस कार्यविधिको बारेमा कुनै दुविधा वा अन्यौलता भएमा सो सम्बन्धमा स्पष्ट गर्ने र बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकामा निहित रहने छ।

मिति २०७५।११।१२ गतेको गाउँ कार्यपालिकाको बैठकबाट पारित भएको व्यहोरा प्रमाणित गर्दछु।

नामः जीवन बहादुर आले मगर

पदः प्रमुख प्रशासकीय अधिकृत

दस्तखतः २०७५।११।१२

प्रमणिकरण मितिः २०७५।११।१२

प्रमुख प्रशासकीय अधिकृत

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैरङ, गोरखा
२०७३